# मुनि मणिभद्रजी महाराज



आदरणीय जैन सन्त श्री मणिभद्रजी महाराज मेरा परम गुरु हुनुहुन्छ, साथै आत्मीय मित्र पनि । जीवनमा भोगेका कटु अनुभवबाट मलाई लाग्छ- उहाँ साधुहरुमा श्रेष्ठ हुनुहुन्छ । उहाँबाट जुन पवित्र शिक्षा पाएँ त्यस्तो अन्यत्र पाईन । साधुहरु तीर्थमय हुन्छन् । उनीहरुका संसर्ग र निवासले सामान्य स्थान पनि तीर्थ स्वरुप हुन्छ भन्ने शास्त्रको भनाई मुनि मणिभद्रजी महाराजबाट सार्थक भएको मैले अनुभव गरें । उहाँ सजीव तीर्थ हुनुहुन्छ । उहाँ जहाँ-जहाँ बस्नुहुन्छ त्यो स्थान निर्मल, पावन र पवित्र बन्न पुग्दछ । त्यसकारण सनातन धर्म दर्शनमा साधु, सन्त महात्माहरुको महिमा गाइएको छ । सरलताका प्रतिमूर्ति भएकाले उहाँमा कुनै अहंकारको नामोनिशाना देख्दिन म । उहाँ निरहंकारी हुनुहुन्छ । उहाँबाट परमानन्दको वर्षा हुने भएकोले म प्रायः उहाँलाई भेट्ने गर्छु फुर्सद हुनासाथ । उहाँसँग बस्दा दिन बितेको थाहा हुँदैन । उहाँको वाणीबाट निस्केको ज्ञान गंगाले मनलाई पवित्र तुल्याउँछ । लाग्छ मणिभद्रजी महाराज ज्ञान, कर्म र भक्तिका त्रिवेणी हुन् ।

मणिभद्रजी महाराज शान्तिका प्रतिमूर्ति हुनुहुन्छ । उहाँलाई देख्दा यस्तो लाग्छ उहाँका वरिपरि शान्ति केन्द्रीत छ । उहाँका हरेक कदम समाजमा सुख, शान्ति र आनन्दको लागि समर्पित छ । सेवा, सहयोग, सद्भाव, ज्ञान, ध्यान, स्वाध्याय, तप र सिद्धिमा केन्द्रित छन् महाराज । मणिभद्रजी महाराज संसारका अनेकौं धर्म, सम्प्रदायलाई सम्मान गर्नुहुन्छ । सर्वधर्म सम्भाव गोष्ठी, अहिंसात्मक, गोष्ठी, आन्दोलन, पर्यावरण र शान्तिका क्षेत्रमा सधैं क्रियाशिल हुन खोज्नु हुन्छ । सधैं

अरुलाई केही दिउँ भन्ने भावना राख्नुहुन्छ । अरुको सेवा सहयोग र उद्धार गर्न तत्परता देखाउने स्वभावले सामान्यजन भन्दा भिन्न देखिनु हुन्छ मुनि मणिभद्र महाराज । उहाँको भजन संग्रह स्नेहको स्वर पुस्तकमा सवा २ सय भजन संकलित छन् । जहाँ भगवतभक्ति पोखिएका छन् ।

जो मौन धारणा गर्छन् उसलाई शास्त्रहरुले मुनि भन्ने गरेका छन् । मुनि अर्थात् मौनतापूर्वक साधना गर्ने साधक । मुनि अर्थात जो अन्तर हृदयबाटै ज्ञानी हुन्छ । जसले आत्मकल्याण गरेको हुन्छ त्यही मुनि । जो भित्रैबाट जागेको हुन्छ उनै मुनि । त्यस्ता साधु, सन्त र मुनिहरुबाट मात्रै विश्वकल्याण सम्भव हुन्छ । मलाई लाग्छ हजारौं तपस्याको फल हुन् - मुनि मणिभद्रजी महाराज । मुनि मणिभद्र व्यक्ति होइनन्, व्यक्तित्व हुन् । जसको कुनै व्यक्तिगत स्वार्थ छैन र मोह, वासना देखि माथि उठेका छन् । जो सदैव परोपकार गर्न जान्दछन् । मुनि मणिभद्रजी महाराजहरु सधैं जन्मदैनन् । समाजमा विरलै भेटिन्छन् । मोती सहजै भेटिन्न । रत्न जहाँ पायो त्यहाँ भेटिन्न । संसारिकतामा एकोहोरिएकालाई आत्मकल्याणको बाटो देखाउनेहरु वास्तवमा ईश्वर समान नै हुन्छन् । देवतुल्य नै हुन्छन् । व्यक्तिगत खुशीलाई तिलाञ्जली दिएर अरुलाई उत्साह उमङ्ग र प्रेरणा दिनेहरु त्यसै देवता भएका होइनन् । उनीहरुले धारणा गरेको शील, सदाचार त्याग, ध्यान र वैराग्यको समाजमा पूजा हुने गरेको छ ।

मणिभद्रजी महाराजको धार्मिक स्वभाव र व्यक्तित्वबाट प्रभवित भएर उपाध्याय प्रवर पण्डितरत्न हेमचन्द्रजी महाराजबाट सन 2008 जुलाई 8 तारेखका दिन नेपाल केशरी सम्मानबाट उहाँ विभूषित हुनुभएको थियो ।

मणिभद्रजी महाराज एक सवल, सक्षम गुरु भएको प्रमाण उहाँको जन्मोत्सव भव्य रुपले मनाइनुले पनि स्पष्ट हुन्छ । दुःखी व्यक्तिहरु जीवनमा जन्मोत्सव मनाउँदैनन् । खुशी हुने र महान हुनेहरुले मात्र आफ्नो जन्मोत्सव भव्यतापूर्वक मनाउँछन् । महाराजको ४४ औं शुभ जन्मोत्सव काठमाडौंमा २०६६ साल चैत्र २६ गते भव्यता पूर्वक मनाइएको थियो । कार्यक्रममा देश विदेशका सयौं भक्तहरु उपस्थित थिए । कार्यक्रममा प्रमुख अतिथि उपप्रधानमन्त्री सुजाता कोइराला

हुनुहुन्थ्यो । महाराजको दिक्षाग्रहण दिवस पनि पोखरामा भव्यतापूर्वक मनाउने तयारी भएको सुन्दा मलाई अपार हर्ष लागेको छ । महाराजको शुभ आगमन र विदाई समारोह पनि भव्यता पूर्वक हुने गरेकोले उहाँको व्यक्तित्व विशाल र विराट भएको स्पष्ट हुन्छ ।

मणिभद्रजी महाराजका व्यक्तित्वबारे चर्चा गर्नुपर्दा उहाँको शिष्य साध्वी सृजनाजी महाराजका अनुसार उहाँ मधुर गायक, कुशल वक्ता, संयमी मुनि र मानवताका प्रहरी आदि मात्र उहाँका विलक्षणहरु होइनन् । उहाँमा धेरै गुणहरु छन् । उहाँ भित्र धेरै ज्ञानहरु छन् । उहाँमा प्राय सम्पूर्ण धर्मग्रन्थहरु समेटिएका छन् । उहाँ सम्पूर्ण विकारहरुबाट मुक्त भई आत्म स्वरुपमा रमाउनुहुन्छ । उहाँ नित्य स्वाध्याय, तप र ध्यान गर्ने गर्नुहुन्छ । उहाँ सधैं अरुलाई मार्ग निर्देशन गर्ने गर्नुहुन्छ । समाजलाई जोड्नुहुन्छ । विश्व कल्याणका लागि चिन्चित हुनुहुन्छ । अत्यन्त सरल, सहज, सहयोगी र प्रेमी, विद्वान र विनम्रशिल हुनुहुन्छ । उहाँ सर्वगुणहरुले सम्पन्न हुनुहुन्छ ।


साध्वी सृजनाजी महाराज र मोक्षिताजी महाराज

त्यसैगरी उहाँका अर्का शिष्य साध्वी मोक्षिताजी महाराजका अनुसार योगी, कर्तव्यनिष्ठ, अनुशासित धर्म गुरु हुनुहुन्छ अर्थात् आदर्श व्यक्तित्व हुनुहुन्छ- मणिभद्रजी महाराज । उहाँ विनम्रतापूर्वक बोल्नुहुन्छ । सधैं सत्यको सहारा लिनुहुन्छ महाराज शान्तिको पक्षधर हुनुहुन्छ । उहाँ विवादित विषयहरुमा बोल्न चाहनुहुन्न । कसैसँग पूर्वाग्रह राख्नुहुन्न । सामाजिक विषमता र तनावलाई छिटो भन्दा छिटो कम गर्न चाहानुहुन्छ । सधैं प्रसन्न मुद्रामा रहनुहुन्छ । धैर्यता र संयमतालाई कहिल्यै छोड्नु हुन्न । ध्यान साधनालाई कहिल्यै बेवास्ता गर्नुहुन्न । उहाँ आडम्बरलाई स्थान दिनुहुन्न । उहाँ प्रदर्शनलाई होइन, स्वदर्शनलाई सधैं स्थान दिनुहुन्छ । महाराज अहिले समाजमा चलेका सम्प्रदाय र साम्प्रदायिकतालाई धर्म मान्नुहुन्न । सम्प्रदाय, परमात्मा समक्ष पुऱ्याउने एउटा साधन हो, माध्यम हो । तर लक्ष्य

होइन भन्नुहुन्छ । उहाँको भनाई छ- कुनै पनि महापुरुषले आफूले देखाएको बाटो मात्र ठीक भनेका छैनन् । मणिभद्रजी महाराजका विचारमा अहंकार ८ प्रकारका हुन्छन् । ती हुन्- जाति, कुल, तप, ऐश्वर्य, बल, रुप, पद र श्रुत (ज्ञान) ।

उहाँ भन्नुहुन्छ- समताको लागि दान आवश्यक छ । प्रत्येक व्यक्ति अहिंसक हुनुपर्छ । त्यसो भए समाज र राष्ट्र शान्त हुन पुग्छ । महाराज ठान्नुहुन्छ- आध्यात्मिक जीवनको मूल जरो नै अहिंसा हो । तसर्थ ओमकार परिवार , वैदिक, बौद्ध, जैन र सिखहरुले अहिंसालाई परमोधर्म भन्ने गरेका छन् ।

मणिभद्रजी महाराजसँगको मेरो पहिलो भेट वि.सं. २०६३ सालको आषाढमा पोखरामा भएको थियो । त्यसबेला महाराज पोखराको रानीपौवामा विराजमान हुनुहुन्थ्यो । पहिलो भेटमा नै किन किन उहाँसँग प्रभावित बन्न पुगें म । ठूलो संख्यामा जैन सन्तहरुको एकै पटक दर्शन पाउनु मेरो लागि पहिलो सुखद अनुभूति थियो । झन त्यसमा पनि उहाँहरु आफ्नै नेपाली दाजुभाइ भएको ज्ञान भयो । हर्षले विभोर हुँदै मैले उहाँहरुका फोटो मागें । भोलिपल्टको पोखरापत्र दैनिकमा सनातन धर्म सेवा समिति कास्कीको तर्फबाट पोखरामा उहाँलाई हार्दिक स्वागत छ भनि स्वागत गरियो । साथै सोही दिन मणिभद्रजी महाराजलाई जन्माष्टमी शोभायात्राको प्रमुख अतिथि बनिदिनका लागि आग्रह पनि । उहाँले सहर्ष स्वीकार गर्नुभयो । यसरी पहिलो भेटमा नै महाराजजी र मेरो सम्बन्ध प्रगाढ बन्न पुग्यो । विस्तारै महाराजको विराट व्यक्तित्वका कारण म झनै प्रभावित हुन थालें ।

साधनाका दृष्टिले उच्चकोटीका साधक हुन् - मणिभद्रजी महाराज । उहाँहरुको पोखरा आगमनको अवसरमा स्वागत शोभायात्रा निकाल्ने तयारी भएको जानकारी पाएँ । त्यसबेला मैले सोचें उहाँ जैन धर्मगुरु हुनुहुन्छ । पोखरामा जैन धर्मावलम्वीहरुको संख्या प्रशस्त नभएकोले शोभायात्रा कसरी सम्भव हुन सक्ला ? तर उहाँहरुको स्वागतार्थ उहाँको जन्मथलो स्याङ्जाको आरुखर्कबाट ठूलो जनसमूह आइपुग्यो । उहाँलाई पोखरा नदीपुरस्थित श्री सत्यसाई सेवा केन्द्रले ठूलो सहयोग गर्‍यो । यस्तै मित्रराष्ट्र भारतबाट ठूलो संख्यामा श्रद्धालुहरु आइपुगे । हेर्दाहेर्दै श्रद्धालुहरु ठूलो संख्यामा त्यहाँ जुटे । भव्य शोभायात्राको रुप धारण गर्‍यो । पछि

मलाई थाहा भयो- मणिभद्र महाराजका भारतमा पनि हजारौं शिष्यहरु रहेछन् । जसले महाराजलाई आफ्ना आदर्श ठान्दछन् । नेपालकेशरी पदद्वारा सम्मानित, त्याग तपस्या र साधनाको माध्यमद्वारा आफ्नो व्यक्तित्व बढाउन सफल एक जना नेपालीले नेपाल र नेपालीको शिर उँचो राखेको देख्दा म हर्षले विभोर भएँ । मित्रराष्ट्र भारतबाट आएका अनुयायीहरुले चर्काचर्का स्वरमा नारा लाए-

**मणिभद्रजी महाराज आए हैं**

**नई रोशनी लाए हैं**

यसरी एकजना नेपाली सन्तबाट भारतीय मित्रहरुले धेरै आशा राखेको मैले पाएँ । मलाई लाग्यो- मणिभद्रजी महाराज समस्याका समाधान हुन् । जो सँग उज्वल ज्ञानको प्रकाश छ जसले अज्ञान, अन्धकार हटाउन सक्छ । अरुको समस्या समाधान गर्न नसक्ने व्यक्तिको न त यहाँ पूजा हुन्छ, न कुनै सम्मान नै । अरुलाई सहयोग गर्न सक्नु सामान्य मानिसका लागि सहज कुरा होइन । जो आफू आफ्नै समस्या बनेको हुन्छ त्यसले कहिले पनि अरुको समस्या समाधान गर्न सक्दैन । महाराजबाट जो आशा भारतीय मित्रहरुले राखे त्यस्तै आशा र भरोसा नेपालीहरुले पनि राख्न सक्दछन् मलाई यस्तो लाग्यो । मानिसले आशा गर्ने भने कै सक्षम र सवल व्यक्तिहरुबाट हो, ज्ञानी र तपस्वीहरुबाट हो । जो स्वयं मुक्त भएको हुन्छन् ।

मणिभद्रजी महाराजबाट मैले जीवनमा धेरै सहयोग र सद्भाव पाएको छु । सम्भवत यति ठूलो सहयोग र सद्भाव सायद जन्माष्टमी शोभायात्रा तयारीको शिलशिलामा अन्यत्र पाएको छैन । उहाँलाई भेट्नासाथ यस्तो ऊर्जा मिल्थ्यो, मानौं आधा काम पूरा भइसके । विशुद्ध धार्मिक एवं सामाजिक सेवाभाव एवं प्रेरणा थपिएको अनुभूति मलाई हुन्थ्यो । आत्मवल र आत्मशक्ति थपिन्थ्यो । यसरी उहाँबाट धार्मिक कार्यमा पाएको सहयोग र सद्भाव निकै प्रेरणादायी र अविष्मरणीय बन्न पुग्यो । भन्न मन लाग्यो मलाई -

**धन्य धन्य मणिभद्र, धन्य तिम्रो जीवन**

**पाएर कृपा प्रभुको बन्यो जगतमा महान् ।**